# आईईसी डिजाइनर रनवेमा नेपालसहित १३ अन्तर्राष्ट्रिय मोडलको प्रस्तुति



**हिमालय टाइम्स**

काठमाडौं, १७ चैत

१३औं संस्करणको 'आईईसी डिजाइनर रनवे' फेशन शो सम्पन्न भएको छ । जोय कस्मेटिक नेपालको प्रस्तुतिमा शुक्रबार काठमाडौंमा भएको फेशन शो रनवे सेलिब्रिटीहरूका साथमा सम्पन्न भएको हो ।

फेशन शोमा अभिनेत्री प्रियंका कार्की, नीति शाह, मिस नेपाल अस्मि श्रेष्ठ, मलिना जोशी, प्रियंका रानी जोशीलगायत चर्चित सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत हुनुभएको थियो ।

शोमा उहाँहरू शो टपरको रूपमा विभिन्न आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत हुनुभएको थियो । जोय कस्मेटिक नेपालको प्रस्तुति रहेको शोमा भारत, रसिया, सर्बियालगायत १३ अन्तर्राष्ट्रिय मोडलको समेत सहभागिता थियो ।

नेपालका २६ मोडलले पहिरनका नयाँ र आकर्षक डिजाइनहरू प्रस्तुत गरेका थिए । शोमा आइसी कलेजका २०२१ ब्याजका ७३ जना विद्यार्थीले डिजाइनरले तयार पारेका फरक-फरक पहिरन १५ सिक्वेलमा फेशन शो भएको थियो ।

आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले 'आइइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेशन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेशनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउनु रहेको बताउनुभयो ।

# सांस्कृतिक साँझ आयोजना हुने




**हिमालय टाइम्स**

काठमाडौं, १७ चैत

राष्ट्रिय जनसांस्कृतिक महासंघ, नेपाल केन्द्रीय समितिको आयोजनामा बृहत् सांस्कृतिक साँझ आयोजना हुने भएको छ । नयाँ वर्ष २०८१ को पूर्वसन्ध्यामा महासंघले 'शुभकामना सांस्कृतिक साँझ-२०८०' आयोजना गर्न लागेको हो ।

महासंघका अध्यक्ष प्रेमनाथ अधिकारीका अनुसार महासंघको इतिहासमा आठ वर्षपछि यसप्रकारको बृहत् सांस्कृतिक कार्यक्रम आयोजना हुन लागेको हो ।

'नेपाली मौलिक संस्कृति तथा जनवादी गीतसंगीतको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यसहित आयोजना हुने उक्त बृहत् सांस्कृतिक साँझमा अग्रज तथा समकालीन पुस्ताका ख्याति प्राप्त जनकलाकारहरूको आकर्षक प्रस्तुति रहनेछ,' अध्यक्ष अधिकारीले भन्नुभयो ।

महासंघका कार्यबाहक महासचिव संगीतकार अशोक राईले पुराना जनगीत-संगीतका साथमा मौलिक नेपाली संस्कार, संस्कृति र प्रकृति झल्किने हिमाल, पहाड र तराईमधेसमा प्रचलित सांस्कृतिक तथा सांगीतिक प्रस्तुति हुने जानकारी गराउनुभयो ।

रामप्रसाद अवस्थीको संयोजकत्व तथा पदम रोकायको व्यवस्थापनमा चैत ३० गते आयोजना हुने उक्त साँझमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रमुख अतिथिका रूपमा सहभागी हुने महासंघले जनाएको छ ।

# प्रा.ठाकुर स्मृतिग्रन्थ लोकार्पण

**हिमालय टाइम्स**

काठमाडौं, १७ चैत




स्वर्गीय प्रा.ठाकुरप्रसाद पराजुली स्मृतिग्रन्थ बिहीबार एक समारोहबीच लोकार्पण गरियो । प्राडा.देवीप्रसाद सुवेदीको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा प्राडा.वासुदेव त्रिपाठी प्रमुख अतिथि रहनुभएको थियो । होटल हार्दिक बागबजार काठमाडौंमा आयोजना भएको उत्त कार्यक्रममा विभिन्न विश्वविद्यालयका प्राध्यापक तथा अन्य लब्धप्रतिष्ठित विद्वानहरूको उपस्तिथि रहेको थियो ।


साहित्यकार प्रा.ठाकुरप्रसाद पराजुली स्मृतिग्रन्थ प्रकाशन समिति आयोजक रहेको उक्त कार्यक्रमको सञ्चालन साहित्यकार रमेश शुभेच्छुले गर्नुभएको थियो । गोपाल पराजुलीको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रममा प्राडा.लक्ष्मण गौतम, प्राडा.महादेव अवस्थी, भिक्टर प्रधान तथा इन्दिरा प्रसाईले प्रा.ठाकुर पराजुलीको व्यक्तित्व तथा लोकार्पित स्मृतिग्रन्थका बारेमा बोल्नुभएकको थियो ।

त्रिभुवन विश्वविद्यालयका पूर्वप्राध्यापक पराजुली नेपाली विभागको प्रमुखसमेत बन्नुभएको थियो । विशेषगरी समालोचनाका क्षेत्रमा सिद्धहस्त मानिनुहुने प्रा.पराजुलीको गतवर्ष निधन भएको थियो । आयोजित कार्यक्रम उहाँको प्रथम स्मृतिसभाका रूपमा समेत आयोजना भएको थियो । कार्यक्रममा नेपाली साहित्यका क्षेत्रमा महासमालोचक भनेर चिनिनुहुने यस कार्यक्रमका विशेष अतिथिसमेत रहनुभएका प्राडा. वासुदेव त्रिपाठीले ठाकुर पराजुलीसँगको आफ्नो सम्बन्ध र सहकार्यका बारेमा बताउनु हुँदै नेपाली साहित्यमा पराजुलीको योगदानका सम्बन्धमा प्रकाश पार्नुभयो ।

उहाँले प्रा.ठाकुर पराजुली नेपाली समालोचनाको क्षेत्रमा एकजना विशिष्ट साधक हुनुहुन्थ्यो भन्नुभयो । 'प्रा.पराजुली नेपाली प्राध्यापनको पहिलो पुस्ताको प्राध्यापक हुनुहुन्थ्यो' डा.त्रिपाठीले भन्नुभयो । यसैगरी डा.त्रिपाठीले प्रा.पराजुली संस्कृत साहित्यशास्त्रको पनि ज्ञाता हुनुहुन्थ्यो भन्नुभयो । यो स्मृतिग्रन्थ प्रकाशनमा स्वर्गीय ठाकुर पराजुलीकी श्रीमती, छोरा, बुहारी, छोरी र ज्वाइँलगायतको परिवारजनको विशेष सक्रियता रहेको थियो ।

कार्यक्रम सञ्चालक डा.रमेश शुभेच्छुबाटै धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि बाट स्मृति ग्रन्थमा समेटिएका लेखहरूका लेखकहरूलाई पुस्तक प्रदान गरिएको थियो । कार्यक्रमको अन्त्यमा सभापनि देवीप्रसाद सुवेदीले स्वर्गीय पराजुलीको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

# स्वरूपराज र अञ्जुको स्वरमा 'दिल रोएको बेला'



**काठमाडौं/हिटा ।** स्वरूपराज आचार्य र अञ्जु पन्तको स्वरमा रहेको गीत 'दिल रोएको बेला' सार्वजनिक भएको छ । लक्ष्मण पोखरेलको संगीत, नारायण रेग्मीको शब्द रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

कृष्णदेव रूपाखेतीको निर्देशन रहेको गीतको भिडियोमा शिल्पा पोखरेल र अनुपजंग थापालाई फिचरिङ गरिएको छ ।

मुकेश हुमागाईंको छायांकन, राहुल बराइलीको कोरियोग्राफी, विनोद बमको सम्पादन र कलर रहेको भिडियोमा सरगम गाहाको मेकअप छ ।

गीतको भिडियो अविदित फाउण्डेशनले सार्वजनिक गरेको हो ।

# इलाम साहित्य महोत्सवमा स्रष्टाहरू सम्मानित

**काठमाडौं/हिटा ।** इलाम साहित्य महोत्सव २०८०मा स्रष्टाहरूलाई सम्मानित गरिएको छ । महोत्सवमा इलाम नगरपालिकाले साहित्यकार राधेश्याम लेकाली, कलाकार कोमल निरौला र मूर्तिकार विष्णुप्रसाद श्रेष्ठलाई सम्मान अर्पण गरिएको हो ।



तीनैजनालाई नगद पन्ध्र हजार राशिसहित सम्मान पत्र र दोसल्लाले सम्मान अर्पण गरिएको थियो । उहाँहरूलाई पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई र इलाम नगरपालिकाका मेयर केदार थापाले सम्मान अर्पण गर्नु भएको थियो ।

महोत्सवमा नेपाल र भारतका दुई सय बढी साहित्यकार, लेखक, राजनीतिकर्मी लगायतको सहभागिता थियो । इलाम सदरमुकामस्थित गौतम बुद्ध सभागृहमा भएको महोत्सवमा राजनीति, साहित्य, पर्यटन, पर्यावरण, नाटक जस्ता विधामा बहस राखिएको थियो ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

**सूचना**

**प्रकाशित मितिः २०८०/१२/१८**

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **स्प्रिङ्स नेपाल ह्युमन रिसोर्स प्रा.लि.** (ई.प.नं. ८२९/०६६/०६७) (इ.प.नं. ८२९) को साविकको नाम परिवर्तन गरी **इलेक्ट्रा रिक्रुटमेण्ट सर्भिसेज प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**शिव सताक्षी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**ब्याङ्डाडा, झापा**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*मिति : २०८०/१२/१८ गते*

यस कार्यालयबाट तपशिल वमोजिमको ठेक्का राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको र सो सम्वन्धमा पेश भएको वोलपत्रहरु मध्ये तपशिल वमोजिमको वोलपत्र न्यून्तम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही समेत भई वोलपत्र मूल्यांकन समितिको सिफारिस तथा यस कार्यालयको निर्णयानुसार वोलपत्र स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| 20/SM/NCB/Cons/ 2080/081 | Construction of Blacktop road from Milan chowk to kirat chowk ward No 9 | Devi Pathivara Construction Pvt Ltd, Arjundhara | 31,59,138.0 |

**प्रमुख प्रशासकिय अधिकृत**

**INVITATION FOR ONLINE BIDS**

**Sidingba Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sablakhu, Taplejung**
**Koshi Province, Nepal.**

**IFB No: SRM/TPJ/NCB/Works/Road/2080/081-08**
**First Date of Publication: 2080/12/18 (31-03-2024)**

1. Sidingba Rural Municipality, Sablakhu, Taplejung invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost exclusive of VAT and contingencies | Bid Security Amount NRs. | Bid Fee NRs. | Bid Validity period |
|---|---|---|---|---|---|
| **SRM/TPJ/ NCB/Works/ Road/2080/081-08** | **Upgradation of Sablakhu-Limbudin-Mehele-Surumkhim Motorway.(Phase-3) gabion work.** | **22,98,990.55** | **70,000.00** | **3000.00** | **120 days** |

2. **Eligible Bidders may obtain** further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont.no: 9852660153 and 9863677911 email: sidingbarmtpj@gmail.com or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. **Information to deposit the cost of bidding document in Bank**:
Name of the Bank: Laxmi Bank Limited, Sidingba Branch. Taplejung.
Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.
Office Account no. :09303000021 (Sidingwa Ga.Pa., Aantrik Rajasho Khata G1.1N)
4. Bids must be submitted through www.bolpatra.gov.np on or before 12:00 **noon** on 2081/01/18 (**30-04- *2024)***. Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of bidders's representatives who choose to attend at the office of Sidingba Rural Municipality, Office of Rural Municipal Executive , Sablakhu, Taplejung on 1:00 pm on 2081/01/18 (**30-04- *2024)***. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied with above bid security, which shall be **valid for 30 days** beyond the bid validity period.
6. If the last date of purchasing, submission, and opening falls on a government holiday, then the next working day shall be considered the last day.
7. The Purchaser reserves the right to accept or reject any or all bids, wholly or all bids, wholly assigning any reason whatsoever.

**Act. Chief Administrative officer**
**Sidingwa Rural Municipality**

**Sarawal Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Sarawal, Nawalparasi(B.S.W)**
**Lumbini Province, Nepal**

**Invitation for Bids (NCB) E-Bidding Only**

**First Date of publication: B.S 2080-12-18 (A.D 2024-03-31)**

- **Sarawal Rural Municipality, Office of Municipal Executive, Sarawal, Nawalparasi**now invites **Sealed bids NCB** from eligible and qualified bidders for the construction of the following Projects.

| S.N | Contract ID: | Name of Project | Estimated Amount In-clusive VAT& PS | Bid Type | Bid Doc Price | Bid Security Amount, NRs. | Bid/Bid Security validity period |
|---|---|---|---|---|---|---|---|
| 1 | 07/SRM/ NCB/2080-81 | Tulasinagar dekhi Adarsha Ma Vi Khokhar-pura sammabato marmat sarawal-1 | 32,23,945.04 | NCB (e_GP 1S1E System) | 3000 | 91,000.00 | 90/120 days |

- Eligible bidders may visit PPMO website www.bolpatra.gov.np/egp. to obtain further information and inspect the bidding documents.
- Bidder should submit their bid electronically. Bidders should deposit the cost (as specified above) of bidding document in the Office Rajaswa (revenue) account as specified below (Indicating Contract ID and bidder's Name) and **and** the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.. Information to deposit the cost of bidding document in Bank as specified below.

| Information for depositing the cost of bidding document | Information for depositing the cost of Bid Security: |
|---|---|
| Name of the Bank: **Rastriya Banijya Bank, Parasi Branch (Antarik Rajaswo Khata)** | Name of the Bank: **Rastriya Banijya Bank, Parasi Branch (DharautiKhata)** |
| Office A/C No.: **3100100301010003** | Office A/C No: **3100100303000003** |

- **Bids submission deadline:12:00 PM, B.S.2081-01-18 (A.D 2024-04-30)**
- **Bids opening date: 13:00 PM, B.S.2081-01-18 (A.D 2024-04-30)**
- If the last date of bid purchasing, submission, opening and pre-bid meeting falls on a government holiday, then the date for the applicable event shall be extended to the next working day.In such case the validity of bid security shall be considered from the originally specified last date for bid submission.
- Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064.
- Any amendment in this notice shall be pasted on the notice board of the client's office.
- Letter of Intent shall be published on office's website.
- **Sarawal Rural Municipality, Office of Municipal Executive** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

***Chief Administrative officer***